फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयां बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६६८

मिति : २०७८।११।०१

श्री सहकारी संघ/संस्थाहरु सबै ।

**विषय:** सहकारी विभागद्वारा सहकारी संघ/संस्थाहरुलाई जारी एकीकृत निर्देशन ।

सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा विभागबाट जारी सहकारी निर्देशन/निर्देशिका/ कार्यविधि बमोजिम सहकारी संघ/संस्थाहरुको अनुगमन एवं निरीक्षण गर्दा, विभागमा परेका उजुरी, निवेदनहरु, सहकारीका स्थापित सिद्धान्त एवं अभ्यास समेतको आधारमा सहकारी नियमावली, २०७५ को नियम ७६ (झ) बमोजिमको अधिकार प्रयोग गरी सहकारी संघसंस्थाहरुलाई यो एकीकृत निर्देशन जारी गरेको छु । जारी निर्देशनको प्रभावकारी कार्यान्वयनबाट सहकारी क्षेत्रमा सुशासन कायम गर्न महत्वपूर्ण भूमिका रहने विश्वास लिएको छु ।

(क) <u>सहकारी सुशासनसम्बन्धी</u> :

(१) सदस्यहरुबाट शेयर तथा बचत संकलन गरी सदस्यहरुलाई नै व्यक्तिगत ऋण वा सदस्य समूह निर्माण गरी सामूहिक जमानीमा लघुवित्त ऋण (Micro Credit) को कारोबार गर्न सक्ने सहकारीको सैद्धान्तिक अवधारणा विपरित हुने गरी कतिपय प्रारम्भिक सहकारी संस्थाहरुले नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त लघु वित्तीय संस्थाहरुबाट PEARLS Monitoring System को E6 सुचकांक विपरित हुने गरी कारोवार गरेको देखिएको हुँदा यस प्रकृतिका कारोवारहरु नगर्ने, नगराउने । PEARLS Monitoring System को E6 सीमा भन्दा बढी लिन वा दिन परेको अवस्था आएमा जोखिम विश्लेषण कार्यविधि बमोजिम सीमा कायम गर्ने ।

(*स्पष्टीकरण* :- निर्देशन (१) को प्रावधानले साना किसान कृषि सहकारी संस्था लि.को हकमा साना किसान लघुवित्त वित्तीय संस्था लि.को सदस्यता प्राप्त गरी कारोबार गर्न प्रतिकूल असर परेको मानिने छैन ।)

(२) आफ्नै वा मानो नछुट्टिएको एकाघर परिवारको मञ्जुरीनामा लिई बाहेक प्रारम्भिक सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुलाई गैर सदस्यको धितो रोक्का राखी अर्थात तेश्रो पक्ष धितो (Third Party Collateral) राखी ऋण प्रवाह गर्ने गरेको देखिएको हुँदा यस प्रकृतिका कार्य नगर्ने, नगराउने । अन्यथा, सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) प्रतिकूल भएको मानिने ।

(*स्पष्टीकरण* :- निर्देशन (२) को प्रावधान थोक कारोबार गर्ने सहकारी बैंक तथा संघहरुको हकमा लागू नहुने ।)

(३) सहकारी संघ/संस्थाको सदस्यता सदैव खुल्ला राख्ने । साधारण सभाको सूचना जारी हुँदाका अखत कायम सदस्य मात्र निर्वाचन प्रयोजनार्थ आफ्नो मताधिकार प्रयोग गर्न सक्ने । निर्वाचन सहितको

रजिष्ट्रार

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६८९

साधारण सभाको सूचना जारी भई सकेपछि साधारण सभा सम्पन्न नहुँदासम्म थप गरिएका नयाँ सदस्यहरुलाई मताधिकार नरहने ।

(४) सहकारी संघ तथा प्रारम्भिक संस्थाहरुले सदस्यहरुलाई ऋण प्रवाह गर्दा प्रति व्यक्ति ऋण सीमा अनिवार्य गणना गर्ने,संस्थाको तत्काल कायम रहेको कुल पूँजीकोषको १० (दश) प्रतिशतमा नबढ्ने गरी प्रति व्यक्ति ऋण प्रवाह गर्ने, गराउने । अन्यथा, सहकारी ऐन, २०७४ को दफा १२५ प्रतिकूल भएको मानिने ।

*स्पष्टीकरण:* यस प्रयोजनका लागि कुलपूँजीकोष भन्नाले शेयर पूँजी, जगेडा कोष, अन्य कोष र असल ऋण नोक्सानी व्यवस्था (LLP) को कुल योगलाई सम्झनु पर्नेछ ।

(५) सहकारी संघ/संस्थाले स्वीकृत विनियममा उल्लेख भएको शेयर पूँजी भन्दा बढी शेयर रकम संकलन गरेको पाईएमा, प्राथमिक पूँजीकोषको १५ गुणा भन्दा माथि बचत संकलन गरेको पाईएमा सहकारीजन्य कसूर मानी आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाईनेछ तर सहकारी बैकको हकमा नेपाल राष्ट्र बैंकबाट बेलाबेला जारी हुने निर्देशन बमोजिम हुने ।

(६) सहकारी संघसंस्थाहरुले सदस्य नै नबनाई गैर सदस्य तथा गैर नेपाली नागरिकसंग कारोवार गर्ने, सदस्य बनाएको तीन महिना नबित्दै ऋण प्रवाह गर्ने, कृत्रिम व्यक्ति खडा गरी कारोवार गर्ने, ब्याज पूँजीकरण गर्ने कार्यहरु नगर्ने, नगराउने । साथै सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (१) को खण्ड (क) देखि खण्ड (झ) सम्म उल्लेख भएका विषयहरु अनिवार्य रुपमा कार्यान्वयन गर्ने/गराउने ।

(७) सहकारी संघसंस्थाहरुले सदस्य केन्द्रीयतामा आधारित खुला सदस्यताको सिद्धान्तलाई व्यवहारमा उतार्ने; कृत्रिम छेकबार खडा गरि सदस्यता प्राप्त गर्ने अधिकारको वर्खिलाप हुने गरी गरिएका कार्यहरु सहकारी ऐन प्रतिकूल भएको मानिने ।

(८)सहकारी सघसंस्थाहरुले सहकारी नियमावली, २०७५ को नियम ७६ को उपनियम (१) को खण्ड (ड) विपरित हुने गरी प्रदेश कार्यालय, शाखा कार्यालय, उपशाखा कार्यालय, फिल्ड कार्याजय, सदस्य सेवा केन्द्र/कार्यालय, बिक्री केन्द्र/कार्यालय, उपजसंकलन केन्द्र आदि खोल्ने, स्थानान्तरण गर्ने लगायतका कार्य गरी सदस्य बनाई शेयर तथा बचत संकलन गर्ने गराउने कार्य गरेको पाइएमा उपरोक्त कार्यहरु सहकारीजन्य ठगीको कसुर मानी प्रचलित कानून बमोजिम कारवाही हुने हुँदा यस्ता कार्य नगर्ने, नगराउने ।

(९)सहकारी व्यवसाय सदस्य, समूह र समुदायमा आधारित हुने हुँदा सहकारी दर्ताको विषय सदस्यहरुको साझा बन्धनलाई कायम राखी साझा हित अभिवृद्धिका लागि हुने । यद्यपी कतिपय व्यक्तिहरु सहकारी संघसंस्थाको खरिदविक्रीमा संलग्न रहेको पाइएमा सहकारी खरिद बिक्रीको कार्यलाई सहकारीजन्य कसूर गरेको मानी त्यस्ता गतिविधिमा संलग्न हुने व्यक्ति, संस्था तथा निकाय उपर आवश्यक कारवाहीका लागि सहकारी ऐन, २०७४ को दफा १२९ बमोजिमको प्रक्रिया अगाडि बढाईने ।

रजिष्ट्रार

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६८८

(१०) सहकारी संस्थाहरुले जलविद्युत आयोजना (Hydropower Project), अस्पताल (Hospital), विद्यालय (School) , क्याम्पस (college), होटल व्यवसाय, पेट्रोल पम्प लगायतका परियोजनाहरु संचालन गर्ने उद्देश्य तथा कार्यहरु समाबेश गरी विनियम स्वीकृत नगरी कुनै पनि परियोजनामा लगानी गर्न नपाईने । परियोजना संचालन गर्ने गरी विनियम स्वीकृति गरेका संघसंस्थाहरुले यस्ता परियोजनामा गरेको लगानीको पूर्ण स्वामित्व कायम हुने गरी मात्र गर्नुपर्ने । संस्थाले सदस्यको बचत रकम परिचालन गरी परियोजनामा लगानी गर्न नपाइने । यस्ता परियोजनामा प्रवाह हुने वाह्य ऋण कुल सम्पत्तिको ५% मा नबढ्ने गरी गरेको हुनुपर्ने । आन्तरिक कोष परिचालनगरी परियोजनामा लगानी गरेको अवस्थामा पूँजीकोषको सीमा कायम गर्नुपर्ने । साधारण सभाबाट निर्णय गरेर मात्र परियोजना संचालन गर्नुपर्ने अन्यथा भएको अवस्थामा संचालक समिति तथा खाता संचालक कार्यकारी अधिकृत (व्यवस्थापक) समेत जिम्मेवार रहने हुँदा दामासाहीले लगानी गरिएको उक्त रकम असुलउपर गर्ने र सो मा संघसस्थाले सदस्यहरुका लागि कायम गरेको तत्कालको अधिकतम ब्याजदर समेत असुलउपर तर्फ आवश्यक कारवाही अघि बढाइने ।

(११) विभागबाट सहकारी संघसंस्थाहरुलाई जारी निर्देशन बमोजिम सम्वत् २०७६ श्रावण १९ मा १६% र सम्वत् २०७७ कार्तिक १५ मा १४.७५% सम्म आफ्ना सदस्यहरुलाई अधिकतम ब्याजदर कायम गर्न सक्ने गरी सन्दर्भ ब्याजदर तोकेको छ । अतः मिति २०७६ श्रावण १९ र मिति २०७७ कार्तिक १५ अगाडी परिचालन गरेका ऋणहरु हालसम्म समेत असुल उपर नभई कायम रहेको हकमा चालू आ.व. भित्र प्रचलित सन्दर्भ ब्याजदर भन्दा माथि ब्याजदर कायम नहुने गरी ऋण समायोजन गर्ने, गराउने । यसरी ऋण समायोजन गर्दा ब्याज तथा हर्जनाको रकमलाई साँवा रकममा पूँजीकरण नगर्ने, नगराउने । अन्यथा, सहकारी ऐन, २०७५ को दफा १२५ बमोजिम भई जाने ।

(१२) सहकारी संघसंस्थाहरुले सदस्यहरुलाई प्रवाह गर्ने ऋणमा नियमानुसार सम्झौता बमोजिमको ब्याज रकम बाहेक अतिरिक्त शुल्क नलिने, ऋण प्रवाह गर्ने सन्दर्भमा अतिरिक्त खर्च वापत सदस्यहरुबाट अधिकतम १ प्रतिशतमा नबढ्ने गरी सेवा शुल्क लिन सकिने, सामूहिक जमानीमा (लघुवित्त) ऋण लगानीमा अतिरिक्त खर्च वापत १.५ प्रतिशतमा नबढ्ने गरी सेवा शुल्क सीमा सम्बन्धमा विभागको मिति २०७७।०८।२२ को निर्णयानुसारको निर्देशन पालना गर्ने, गराउने । यस्तो ऋण तोकिएको मितिमा असुल उपर नभई नवीकरण गर्नु पर्ने भएमा अतिरिक्त खर्च वापत अधिकतम् ०.५० प्रतिशत मात्र नवीकरण शुल्क लिन सकिने । यस बाहेक कुनै प्रकारको शुल्क दस्तुर लिएको पाईएमा सहकारी ऐन, २०७५ को दफा १२५ बमोजिम दण्डनीय हुने ।

(१३) संस्था, संचालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु मध्ये एकैपटक ४९% भन्दा बढिले संस्थाबाट ऋण लिन नपाईने । यसरी पदाधिकारीहरुलाई प्रवाह गरेको ऋणको विवरण नियामक निकायमा मासिक रुपमा पठाउनुपर्ने । अन्यथा, सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) बमाजिम प्रतिकूल मानिने ।

(१४) सहकारी संघसंस्थाहरुले बोनस ऐन, २०३० बमोजिम समेत कर्मचारी बोनस खर्चलेखाङ्न गर्न सक्ने । सहकारी संघसंस्थाहरुले बोनस ऐन, २०३० बमोजिम खर्चलेखाङ्न गरेको अवस्थामा सहकारी नियमावली, २०७५ को नियम २७ बमोजिम कर्मचारी बोनस कोषमा छुट्टाउनुपर्ने खुदबचतको

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६९८

कम्तिमा ५% रकमलाई अनिवार्य रुपमा जगेडाकोषमा जम्मा गर्नुपर्ने । सहकारी संघसंस्थाहरुले बोनस ऐन र सहकारी नियमावली दुवैको प्रावधान बमोजिम दोहोरो सुविधा प्राप्त गर्ने उद्देश्यले खर्चलेखाइन्न गर्न नपाउने । बोनस ऐन र सहकारी नियमावली दुवैको प्रावधान बमोजिम दोहोरो सुविधा दिएको पाईएमा निर्णयकर्ताबाट जुन प्रावधान बमोजिम बाँडिएको बोनसको रकम बढी हुन्छ, सोही रकम असुलउपर गरी सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) बमोजिम कारवाही भइ जाने ।

(१५) सहकारी नियमावली, २०७५ को नियम ८१ विपरित हुने गरी सार्वजनिक पदमा बहाल पदाधिकारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य निकायमा कार्यरत कर्मचारीहरु समेत सहकारी संघ/संस्थाको संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको पदमा नरहने व्यवस्था कार्यान्वयन गर्ने । यो निर्देशन जारी भए पश्चात यसरी रहे, बसेको भए सो पदबाट अलग हुने । अन्यथा, सम्वन्धित निकायमा आचरणसम्वन्धी विषयमा कारवाहीका लागि लेखी पठाईने ।

(१६) सहकारी संघसंस्थाहरुले ATM, QR Code, Mobile Banking लगायतका अन्य विद्युतीय प्रविधि प्रयोग गरी सेवाप्रवाह गर्दा संस्थाको स्वीकृत विनियममा उद्देश्य तथा कार्यहरु अन्तर्गत समावेश गरेको हुनुपर्ने । यसरी सेवाप्रवाह गर्ने संघसंस्था र सो सेवा प्रदायकवीच भएको सम्झौताको प्रति नियामक निकायमा सम्झौता भएको मितिले १ (एक) महिना भित्र जानकारी दिनु पर्ने ।

(१७) सहकारी संघसंस्थाहरुको Non Performing Loan (NPL) कुल ऋणको ५% भन्दा कम कायम गर्ने । साथै सहकारी संघ तथा प्रारम्भिक संस्थाले तोकिए बमोजिम असल ऋणमा १%, १२ महिनासम्मको भाखा नाघेको ऋणमा ३५% र १२ महिना माथिको भाखा नाघेको ऋणमा १००% ऋणहानी व्यवस्था (Loan Loss Provision, LLP) गर्नुपर्ने । यसरी वितरण गरिएको लाभांश दामासाहीमा संचालक समितिबाट असुलउपर गरी जगेडा कोषमा स्थानान्तरण गर्नुपर्ने । अन्यथा, सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) प्रतिकूल भएको मानिने । राष्ट्रिय सहकारी बैंकको हकमा नेपाल राष्ट्र बैंकले तोके बमोजिम हुने ।

(१८) सहकारी संघसंस्थाहरुले कुल सम्पत्तिको ५% (प्रतिशत) नाघ्ने गरी नकमाउने सम्पत्ति (Non Performing Assets -NPA) मा लगानी गर्न नपाउने । यस प्रकारको नकमाउने सम्पत्ति (घरजग्गा, उपकरण, कार्यालय समान, नगद, पेश्की, चल्ती खाता लगायत) कुल सम्पत्तिको ५% भन्दा कम कायम राख्ने । प्रचलित ऐन बमोजिम लिलाम प्रकृयाबाट सकार भई आएको गैर बैंकिङ्ग सम्पत्तिको कारणले अनुपात बढ्न गएमा एक वर्ष भित्र त्यस्तो सम्पत्तिलाई तरलतामा रुपान्तरण गर्ने वा निःसर्ग गरिसक्ने । एकबर्ष भित्र तरलतामा रुपान्तरण गर्न नसक्ने मनासिब माफिकको कारण भए सो को जानकारी नियामक निकायलाई गराउने । अन्यथा, सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) बमोजिम प्रतिकूल मानिने ।

(१९) सहकारी संघ संस्थाहरुले सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (६) प्रतिकूल प्राईभेट तथा पब्लिक कम्पनीका शेयर, डिवेन्चर तथा वोण्ड खरिद विक्रि गर्ने, घर जग्गा व्यवसायमा गरेको लगानी तत्काल बन्द गर्ने । उपरोक्त बमोजिम देखिएमा संघसंस्था संचालक समिति तथा खाता संचालक

रजिष्ट्रार

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६८८

कार्यकारी अधिकृत (व्यवस्थापक) भए निजबाट समेत लगानी गरेको रकम दामासाहीले असुल उपर गरी सहकारी ऐन, २०७४ को दफा १२२ को (ख) र (घ) प्रतिकूल भएको मानिने ।

(२०) सहकारी संघसंस्थाहरुले वित्तीय कारोवार लगायत संस्थासंग सम्वन्धित गतिविधिहरुको विवरण सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्ध भई सो प्रणालीमा अद्यावधिक विवरणहरु अनिवार्य रुपमा प्रविष्टि गर्ने । संस्थाका मासिक, बार्षिक विवरण, सदस्यको विवरण प्रविष्टि, सम्पत्ति शुद्धीकरण निवारण लगायत साधारणसभा, लेखापरीक्षण सम्वन्धी अन्य प्रतिवेदनहरु सोही प्रणालीमार्फत प्रेषित गर्ने । अन्यथा, सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) प्रतिकूल भएको मानिने ।

(२१) सहकारी संघसंस्थाहरुले सहकारी ऐन, २०७४ को दफा ६९ को उपदफा (३) मा उल्लेख भए बमोजिम सदस्यहरुलाई बार्षिक कारोवारको आधारमा संरक्षित पूँजी फिर्ता कोषमा छुट्टाईएको रकम अनिवार्य रुपमा साधारण सभाबाट निर्णय गराई सहकारी नियमावली, २०७५ को नियम २५ को उपनियम (४) बमोजिम वितरण गर्ने । यो कोषकों रकम अन्य कोषमा जोडी बाँडफाँड गरेको पाईएमा संचालक समितिबाट दामासाहीले असुलउपर गरी जगेडाकोषमा सार्नुपर्ने । कुनै आ.व. मा यो कोषबाट वितरण भई बाँकी रहेको रकम साधारणसभाबाट निर्णय गराई जगेडाकोषमा सार्ने । अन्यथा, सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) प्रतिकूल भएको मानिने ।

(२२) सहकारी संघसंस्थाहरुले सहकारी ऐन, २०७४ को नियम ६९ तथा सहकारी नियमावली, २०७५ को नियम २७ को उपनियम (१) को खण्ड (ख) र (ग) बमोजिमका कोषहरुमा बाँडफाँड भई आएको जुन आ.व.को रकम हो, सोही आ.व.मा खर्च गरि सक्नुपर्ने । अन्यथा, साधारणसभाबाट निर्णय गराई सो रकम जगेडा कोषमा जम्मा गर्नुपर्ने । जुन उद्देश्यका लागि कोष स्थापना भएको हो, सोही प्रयोजन बाहेक अन्य प्रयोजनमा खर्च गरेको पाईएमा संचालक समिति तथा खाता संचालक कार्यकारी अधिकृत (व्यवस्थापक) भए निजबाट समेत असुल गरी जगेडा कोषमा सार्नुपर्ने । अन्यथा,सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) प्रतिकूल भएको मानिने । तर तालिम,प्रवर्द्धन, क्षमता विकास सम्बद्ध शिक्षा तथा संस्था विकास कोषको रकम आगामी आ.व.मा सारी खर्च लेखाङ्कन गर्न सकिने ।

(२३) सहकारी संघसंस्थाहरुले अचल सम्पत्ति विक्री, शेयर लगायतका पूँजीगत सम्पत्तिको विक्रीबाट भएको पूँजीगत नाफालाई जगेडा कोषमा नराखी सम्बन्धित आ.व.को नाफामा समावेश गरी वितरण/खर्च गरेको पाईएमा संचालक समिति तथा खाता संचालक कार्यकारी अधिकृत (व्यवस्थापक) भए निजबाट समेत असुलउपर गरी सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) बमोजिम कारवाही भई जाने ।

(२४) साधारणसभाको अधिकार क्षेत्रभित्र पर्ने ब्याज छुट/मिनाहाको विषय, संचालक समितिको भत्ता निर्धारणको विषय, लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने विषय तथा कार्यकारी प्रमुख (व्यवस्थापक) को पारिश्रमिक तथा सुविधा तोक्ने लगायतका अधिकार संस्थाको साधारण सभाले प्रयोग गर्ने हुँदा संचालक समितिले प्रयोग गरेको पाईएमा सो बमोजिम छुट/मिनाहा दिएको रकम,

रजिष्ट्रार

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६८८

पारिश्रमिक तथा भत्ता बापतको खर्चको रकम निर्णयमा संलग्न रहने संचालक समितिबाट असुलउपर गरी जगेडा कोषमा जम्मा गर्नुपर्ने ।

(*स्पष्टीकरण* :- कुनै सहकारी संघसंस्थाको साधारणसभा समाप्त भई कार्यकारी प्रमुख(व्यवस्थापक) को पारिश्रमिक तथा सुविधा तोकी सकेको अवस्थामा कार्यकारी प्रमुख (व्यवस्थापक) ले राजिनामा दिएमा वा वर्खास्त भएमा वा मृत्यु भएमा वा सहकारी संघसंस्थाको स्वीकृत विनियम बमोजिम निजको पद रिक्त भई अर्को कार्यकारी प्रमुख (व्यवस्थापक) नियुक्त गर्नुपर्ने र निजलाई साविकमा तोकिसकेको भन्दा फरक पर्ने गरी पारिश्रमिक तथा सेवा सुविधा प्रदान गर्नुपर्ने अवस्था सिर्जना भएमा आगामी साधारणसभाबाट अनुमोदन हुने गरी संचालक समितिले निजको पारिश्रमिक तथा सुविधा तोक्न निर्देशन (२६) को प्रावधानले बाधा पुऱ्याएको मानिने छैन ।)

(२५) सहकारी संघसंस्थाका कर्मचारीहरुलाई आवास व्यवस्थापन, तथा सवारी साधन लगायतका स्वीकृत कार्यविधिको अधिनमा रही दिइने सुविधा (सहुलियत ऋण एवं कर्जा सापटी बाहेक) संचालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, सल्लाहकार तथा कर्मचारीहरुबाट लिने ऋणको ब्याज कम र सदस्यबाट लिने ऋणको ब्याज बढी तथा उल्लेखित पदाधिकारीलाई वितरण गर्ने लाभांशको प्रतिशत बढी र सदस्यलाई वितरण गर्ने लाभांशको प्रतिशत कम हुने गरी विभेदजन्य कार्य गरेको पाईएमा कम तिरेको ब्याज र बढी लिएको लाभांश बापतको रकम संघसंस्थाको जगेडा कोषमा दाखिला गर्नु पर्ने ।

(२६) सहकारी संघसंस्थाले सहकारी ऐन, २०७४ को दफा ७३ को उपदफा (१) बमोजिमको विवरण (विद्युतीय माध्यमबाट समेत) तोकिएको समयभित्र विभागमा पेश गर्नुपर्ने । अन्यथा, प्रथम पटकको लागि सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) बमाजिम र दोश्रो पटकदेखि दोब्बर जरिवाना हुने ।

(२७) शिक्षा कोष र संस्था विकास कोषबाट गर्नुपर्ने कतिपय खर्चहरु सहकारी संघसंस्थाहरुले बार्षिक नीति, कार्यक्रम तथा बजेटमा सिधै व्यवस्था गरी खर्च लेखाङ्न गरेको कारण मुनाफा (खुद बचत) मा चाप सिर्जना हुने गरेको । फलस्वरुप नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने कर दायित्व कम हुन सक्ने देखिएको हुँदा यस्ता कार्य नगर्ने, नगराउने । उक्त कोषमा छुट्याइएको रकम सम्बन्धित आर्थिक वर्षमा नपुग हुने अवस्था सिर्जना भएमा बार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा शिक्षा तथा संस्था विकास शिर्षक खडा गरी समेत खर्च गर्न सकिने । अन्यथा, सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) प्रतिकूल भएको मानिने ।

(२८) सहकारी संस्थाले नगद (काउण्टर), ढुकुटी (भल्ट) र मार्गस्थ (ट्रान्जिट) को अनिवार्य बीमा गर्नुपर्ने । कुनै कर्मचारी वा पदाधिकारीको नियत वा लापरवाहीका कारणले नगदको हिनामिना, हानी नोक्सानी, चोरी, लुटपाट, नोक्सान जस्ता कार्य भएको पाइएमा सम्बन्धितलाई जिम्मेवार बनाउने ।

(२९) सहकारी संघसंस्थाहरुले सबै समयमा तरलता (Liquidity) कम्तिमा कुल बचतको १०-१५% अनिवार्य रुपमा कायम राख्नु पर्नेछ । १०% भन्दा कम तरलता रहेको अवस्थामा व्यवस्थापकले संचालक समितिलाई जानकारी गराई तरलता कायम राख्न शीघ्र सुधारको कार्य गर्नुपर्नेछ । सहकारी

रजिष्ट्रार

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.com



पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६८८

संघसंस्थाहरुले साप्ताहिक रुपमा तरलताको गणना गरी लेखा सुपरिवेक्षण समितिको त्रैमासिक प्रतिवेदनमा समेत सो विषय समावेश गरी संचालक समितिमा पेश गर्नुपर्नेछ । तोकिए बमोजिमको तरलता व्यवस्था नगरी संस्थाले लाभांश वितरण गर्न पाइने छैन । लाभांश वितरण गरेको अवस्थामा संचालक समितिबाट दामासाहीले असुलउपर हुने साथै सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) बमोजिम कारवाही समेत हुने ।

(३०) सहकारी संघसंस्थाहरुले टिकटक, भाईवर, फेसबुक जस्ता सामाजिक संजाल, विद्युतीय तथा छापा माध्यम प्रयोग गरी कुनै चिठ्ठा, उपहार लगायतका प्रलोभनजन्य कार्य गरी सदस्य बनाउने, बचत सकलन गर्ने तथा ऋण उपलब्ध गराउने गरी विज्ञापन वा प्रचारप्रसार गर्न नहुने । अन्यथा, सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) बमोजिम कारवाही भई जाने ।

(३१) सहकारी संघसंस्थाहरुले कर्मचारी सम्बन्धी आन्तरिक कार्यविधि तर्जुमा तथा O&M Survey नगरी कर्मचारी भर्ना गर्ने, कमिसन दिने गरी एजेण्ट/बजार प्रतिनिधिमार्फत सदस्य बनाउने र शेयर तथा बचत संकलन गर्न नपाईने । अन्यथा सहकारी ऐन, २०७४ को दफा १२५ को उपदफा (२) बमोजिम कारवाही भई जाने ।

(३२) प्रारम्भिक सहकारी संस्थाहरुले ताकिएको समयभित्रै तोकिएको प्रक्रिया पुरा गरी साधारण सभा सम्पन्न गरी तत् तत् नियमन निकायमा सोको प्रतिवेदन बुझाउने । समयमै सम्पन्न गर्न नसक्ने भए मनासिव माफिकको कारण सहित नियामक निकायको पूर्वस्वीकृति लिई सम्पन्न गर्ने । साधारण सभा तोकिए बमोजिमको प्रकृया पुऱ्याई सम्पन्न गर्न प्रारम्भिक सहकारी संस्थाहरुको हकमा ती संस्थाका छाता संघहरुले, संघहरुको हकमा केन्दीय संघ तथा राष्ट्रिय सहकारी महासंघ र केन्द्रीय संघहरुको हकमा राष्ट्रिय सहकारी महासंघले समन्वय र सहजीकरण गर्दै जाने । सहकारी ऐन, २०७४ को दफा १४३ बमोजिम सहकारी संस्थाहरुमा देखिने विवाद समाधान गर्न राष्ट्रिये सहकारी महासंघ, केन्द्रीय संघहरुमा विवाद समाधान संयन्त्र खडा गरी सोको जानकारी विभागलाई दिने ।

(३३) सहकारी संघ/संस्थाहरुमा गरिएका साधारणसभालाई अर्थपूर्ण (Meaningful) एवं समावेशी बनाउने । अधिकतम सदस्यहरुको अर्थपूर्ण सहभागिता एवं लोकतान्त्रिक अभ्यासको पालना गर्ने गराउने । विभागबाट जारी साधारण सभा सम्बन्धी निर्देशिकाको अक्षरश: पालना गर्ने गराउने । तोकिएको ढाँचामा सोको प्रतिवेदन विभागमा पठाउने । संचालक समितिको गठन, लेखा सुपरिवेक्षण समितिको गठन लोकतान्त्रिक प्रकृयाबाट गर्ने, गराउने ।

(३४) सहकारी ऐन, नियम, निर्देशिका र कार्यविधिको अधिनमा रही सहकारी संघसंस्थाको विनियम अनिवार्य रुपमा रजिष्ट्रार वा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएपछि मात्र लागू हुने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने ।

(३५) आफ्नो कार्य अवधि समाप्त हुनु अगावै अर्को समितिको निर्वाचन अनिवार्य रुपमा गराउने । एउटै परिवारको एक भन्दा बढी व्यक्ति एकै अवधिमा संचालक तथा लेखा सुपरिवेक्षण समितिको पदमा रहन

रजिष्ट्रार

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयां बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६६८

नसक्ने व्यवस्था कार्यान्वयन गर्ने । एक व्यक्ति एक समयको लागि एक सहकारीको संचालक हुन पाउने व्यवस्था कडाइका साथ पालना गर्ने । तर एकै व्यक्ति एक तह (जिल्ला/प्रदेश/केन्द्रीय/महासंघ) मा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको पदाधिकारी हुन यस निर्देशनले बाधा पुऱ्याउने छैन ।

(३६) सहकारी बैंक एवं संघहरुले ऋण लगानीलाई अधिकतम उत्पादनमुखी, स्थानीय स्रोतसाधनहरुको परिचालन, उद्यमशिलता विकास, वातावरण संरक्षण, रोजगारी सिर्जना आदि मार्फत गरिबी न्यूनिकरणतर्फ उच्च प्राथमिकता दिनुपर्ने । व्यापार गर्ने उद्देश्यले कुनैपनि मालसामान तथा अचल सम्पत्ति खरिद नगर्ने ।

(३७) विदेशी बैंक वा संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिनु पूर्व भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सिफारिस मार्फत अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने ।

(३८) साधारणसभा मार्फत संस्थासँग स्वार्थ नबाझिएका व्यक्तिहरु मध्येबाट कम्तिमा तीन जना स्वतन्त्र बाह्य लेखापरीक्षक (वैकल्पिक लेखापरीक्षक समेत) छनौट गरी तीन जना मध्ये एक जनाको नियुक्ति एवं पारिश्रमिक निर्धारण साधारणसभा मार्फत गर्ने, लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन संचालक समितिमा छलफल गराई, साधारण सभामा अर्थपूर्ण छलफल गर्ने । एउटै लेखापरीक्षकलाई बढीमा तीन आ.व. भन्दा बढी नहुने गरी साधारणसभाबाट नियुक्त गर्ने । संस्थाले लेखा नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । साधारणसभा हुनु भन्दा कम्तिमा ३० दिन अगावै साधारणसभाको सूचना सदस्यहरुलाई दिई सो सभामा प्रस्तुत हुने बार्षिक प्रतिवेदन सभा हुनु १५ दिन अगावै सदस्यहरुलाई उपयुक्त माध्यमबाट अनिवार्य रुपमा उपलब्ध गराउने । सहकारी विभागबाट जारी सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ पूर्ण रुपमा कार्यान्वन गर्ने ।

(३९) सहकारी ऐन, २०७४ को दफा १३७ बमोजिम सहकारी संघसंस्थाहरुले गरेका क्रियाकलापहरुको सम्बन्धमा सदस्य सन्तुष्टिको स्तर मापन गर्न सदस्य तथा सरोकारवालाको सहभागितामा कम्तिमा वर्षको एकपटक सामाजिक परीक्षण गर्ने । सो बाट प्राप्त सुझावहरुलाई नीति तथा योजनामा समावेश गरी साधारणसभामा छलफल गराउने ।

(४०) संघ संस्थामा आवद्ध सदस्यहरुले मासिक रुपमा नियमित बचत अनिवार्य गर्ने/गराउने, बचत रकम सदस्यहरु बीच मात्र परिचालन गर्ने, संस्थाले बचत परिचालन गर्दा सबै बचत खाताहरुमा संस्थाले निर्धारण गरे बमोजिम ब्याज दिनुपर्ने । एकै प्रकृतिको खातामा एकै समयमा संकलित बचतको ब्याज फरक पर्ने गरी संचालन गर्न नहुने ।

रजिष्ट्रार

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६६८

(४१) सहकारी संघसंस्थाहरुले सामूहिक जमानी वा व्यक्तिगत जमानी/धितो लिई मात्र ऋण लगानी गर्ने, ऋणको क्षेत्रगत बर्गीकरण गर्ने, प्रवाह भएको कुल ऋणको कम्तिमा ५१ प्रतिशत ऋण उत्पादन तथा आयमूलक व्यवसायमा केन्द्रित क्षेत्रमा लगानी गर्ने, कम्तिमा ३/३ महिनाको अन्तरालमा सन्दर्भ व्याजदर भन्दा बढी नहुने गरी बचत र ऋणको व्याजदर परिमार्जन गर्न सक्ने, बचत तथा ऋणको व्याजदरको भारित औषत व्याजदर ६ प्रतिशत भन्दा कम हुने गरी व्यवस्था गर्ने, ऋणको पुनर्तालिकिकरण तथा पुनसंरचना यथासम्भव नगर्ने ।

*स्पष्टीकरण :* उत्पादन केन्द्रीत क्षेत्र भन्नाले कृषि तथा वनजन्य पैदावार, पर्यटन, जलस्रोत, शिक्षा, स्वास्थ्य, सञ्चार, श्रम र सीपमा आधारित व्यवसायलाई जनाउने छ ।

(४२) सहकारी संघसंस्थाहरुले बचत संकलन एवं ऋण लगानी गर्दा प्राकृतिक व्यक्ति तथा सहकारी ऐन, २०७४ को दफा ३० को उपदफा (२) बमोजिम बनेका सदस्यहरुलाई मात्र ऋण लगानी गर्ने । ऋण रकम निकासा गर्दा सम्वन्धित सदस्यको खातामा सोझै निकासा गर्ने, ऋण लगानी गर्दा चेक धितो सुरक्षण स्वीकार नगर्ने । सुन, चाँदी लगायतका बहुमूल्य धातुहरु, सोही संस्थाको शेयर, अन्य कम्पनी/संघसंस्थाको शेयर धितो राखी ऋण लगानी गर्न नपाईने । अन्यथा, सहकारी ऐन/नियम प्रतिकूल भएको मानिने ।

(४३) सहकारी संघसंस्थाहरुले सदस्यहरुलाई संस्थाबाट सेवा प्राप्त गर्दा सदस्यले आफु सुरक्षित हुन्छु र मेरो हित विपरितको कार्य हुने छैन भन्ने विश्वासको भावना बढाउन र सदस्यको अधिकारको संरक्षण हुने गरी कार्यशैली र व्यवहारलाई उच्च प्राथमिकता दिई कार्यान्वियन गर्ने । कमजोर, बृद्ध, अपाङ्ग सदस्यहरुलाई उच्च प्राथमिकता दिई सेवा प्रवाह गर्ने । तदनुसारको सेवास्थलको विन्यास (Lay out) मा ध्यान दिने । सदस्यहरुलाई प्रदान गर्ने सेवा सम्वन्धित शुल्क, ब्याज, कमिशन, ब्याजदर, हर्जाना सम्बन्धी प्रक्रियाका विषयहरु समावेश गरी सदस्य तथा संस्था वडापत्र जारी गर्ने, सो वडापत्रमा सेवा, सेवाको प्रकार, सेवा प्राप्त गर्ने प्रक्रिया, सेवा प्राप्त गर्दा लाग्ने समय, जिम्मेवार शाखा वा कर्मचारी र सेवाका शर्तहरु समेत समावेश गरी बढीमा ३ महिना भित्र अनिवार्य रुपमा कार्यान्वियनमा ल्याउने ।

(४४) सहकारी संघसंस्थाहरुले आफ्ना सदस्यहरुलाई वित्तीय साक्षरताका कार्यक्रम संचालन गर्ने, सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु संचालन गर्ने, जोखिम सिर्जना नै हुन नदिन प्रतिरोधात्मक (Preventive) कार्य तर्फ केन्द्रीत हुने । नियामक निकायले कानून बमोजिम मागेको बाहेक सदस्यहरुको व्यक्तिगत सूचनाको गोपनीयतालाई उच्च प्राथमिकता दिने । संस्थालाई दिइएको सूचनाको चुहावटबाट सदस्यलाई जोखिम उत्पन्न हुन नदिने तर्फ संवेदनशील रहि सदस्यको गुनासोको अभिलेखिकरण र सुनुवाईको प्रगति देखिने गरी अभिलेख राख्ने, सदस्यको सन्तुष्टी सर्भेक्षण गर्ने, गुनासो सुनुवाई संयन्त्र, गुनासो सुन्ने अधिकारी, गुनासो सुनुवाई प्रक्रिया समेत देखिने गरी संस्थाको

रजिष्ट्रार

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६६८

गुनासो सुनुवाई कार्यविधि जारी गरी कार्यान्वयन गर्ने । सदस्यले सेवा प्राप्त गर्दा तेश्रो पक्षको संलग्नतालाई पूर्णत निरुत्साहित गर्ने गरी कार्यप्रक्रिया व्यवस्थित गर्ने, संस्थामा विवाद निरुपण गर्न आवश्यक कार्यविधि र संयन्त्रको विकास गरी लागू गर्दै जाने । सदस्यहरुको उद्यमशिलता विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(४५) सहकारी संघसस्थाहरुले आफ्ना सदस्यलाई ऋण लगानी गर्दा तिर्न सक्ने क्षमता (Ability to pay) लाई अधिक प्राथमिकतामा राखी सो सम्वद्ध पक्षहरुको विश्लेषणलाई उच्च प्राथमिकता दिने, ऋण सम्वन्धी पूर्ण सूचना पर्याप्त रुपमा सदस्यलाई दिने, संभावित जोखिमहरुको बारेमा पर्याप्त जानकारी दिने । उत्पादनमूलक कार्यमा लगानी गर्ने व्यवसायिक योजना (Business Plan) अनिवार्य रुपमा संलग्न राख्ने । ऋण जारी पश्चात तोकिएको उद्देश्य वा प्रयोजनमा अपेक्षित लगानी भए नभएको निरन्तर अनुगमन र निगरानी राख्ने । सोको प्रतिवेदन संचालक समितिमा छलफल गर्ने व्यवस्था मिलाउने ।

(४६) सहकारी संघसंस्थाहरुले जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन सचालक समितिको सदस्यको संयोजकत्वमा जोखिम विश्लेषण कार्यदल बनाउने, लेखा सुपरिवेक्षण समितिलाई प्रभावकारी बनाउने, संचालक समिति तथा सधारणसभामा जोखिम विश्लेषण कार्यदलको प्रतिवेदनलाई पनि छलफलको विषय बनाउने ।

(४७) सहकारी संघसस्थाहरुका संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिका पदाधिकारी तथा व्यवस्थापक एवं कर्मचारीहरुले आफ्नो अधिकार क्षेत्र नाघी गरेको काम कारवाही उपर निजहरुलाई नै व्यक्तिगत रुपमा उत्तरदायी बनाउने, संचालक समिति, ऋण उपसमिति लगायतका अन्य उपसमिति, कर्मचारी वा निजको स्वामित्वमा रहेको घरभाडामा लिई कारोबार नगर्ने, निजहरु संलग्न रहेको फर्म वा कम्पनीबाट वस्तु वा सेवा खरिद नगर्ने, निजहरु अर्को सहकारीको कर्मचारी वा कुनै समितिमा संलग्न हुन नपाउने गरी आन्तरिक आचार संहिता विकास गरी कार्यान्वयन गर्ने । सम्भव भएसम्म सदस्य, संचालक र कर्मचारीहरुको फरक फरक आचार संहिता तयार गरी पालना गर्ने, गराउने ।

(४८) सहकारी संघसंस्थाहरुले नेपाल सरकारबाट जारी गरेको लेखामान अनुरुप लेखा अभिलेख राख्ने, संचालक समितिबाट निर्णय गराई सफ्टवेयरको प्रयोग गर्ने । साधारणसभाबाट स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमको परिधिभित्र रहि मात्र खर्च गर्ने, गराउने । स्वःनिर्णयका आधारमा खर्च लेखी वितरण नगर्ने । संस्थाले तिर्नु पर्ने दायित्व सयममै भुक्तानी गर्ने ।

(४९) सहकारी ऐन, २०७४ को दफा ४१ को उपदफा (४) बमोजिम बार्षिक २ करोड भन्दा माथिको कारोवार गर्ने सहकारी संघसंस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा अन्य

रजिष्ट्रार

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ वानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६६८

उपसमितिमा बहाल व्यक्ति र निजको एकाघर सगोलका व्यक्तिहरु संस्थाको कार्यकारी प्रमुख वा अन्य कर्मचारीको रुपमा काम गर्न नपाउने । सहकारी संघसंस्थाको प्रमुख कार्यकारी अधिकृत (व्यवस्थापक) वा अन्य कर्मचारीले संस्थाको समिति, उपसमितिको पदाधिकारीको हैसियतले समिति, उपसमितिको बैठकमा भाग लिन नपाउने । राष्ट्रिय सहकारी बैंकको हकमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम हुनेछ । तर मताधिकार प्रयोग नगर्ने गरी कुनै समितिको सदस्य सचिवको रुपमा कार्य गर्न यस निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।

(५०) सहकारी संघसस्थाहरुले कार्यालय भवन, गोदाम, शीतभण्डार लगायतका अचल सम्पत्ति खरिद गर्दा साधारण सभाबाट निर्णय गराई सदस्यको बचत रकम बाहेक जगेडा कोष र शेयर पूँजीको रकमबाट मात्र खरिद गर्नुपर्ने । यसरी खरिद गर्दा अनिवार्य रुपमा प्राथमिक पूँजीकोषको विश्लेषण गर्नुपर्ने । यस्तो खरिद कार्यमा तत्काल कायम जगेडा कोषको पचास प्रतिशत भन्दा बढी खर्च गर्न नपाइने ।

(५१) सहकारी संघसंस्थाहरुले साधारण सभामा लाभांशको प्रस्ताव पारित नगरी सदस्यलाई लाभांश वितरण गर्न नपाइने । यसरी वितरण गर्ने लाभांशको कुल रकम र लाभांश प्रतिशत समेत खुलाई साधारण सभाबाट निर्णय भएको हुनुपर्ने । अन्यथा वितरण गरेको लाभांश यसरी वितरणमा संलग्न हुने संचालक समितिबाट असुल उपरगरी जगेडा कोषमा दाखिला गर्ने । सो नभएमा सहकारी ऐन, २०७४ को दफा १२५ (२) प्रतिकूल मानिने छ ।

(५२) सहकारी ऐन, २०७४ को दफा ९९ को उपदफा (२) मा उल्लेखित आधार बमोजिम सहकारी महासंघ तथा विषयगत केन्द्रीय संघहरुले आफ्ना सदस्यको काम कारवाहीका सम्वन्धमा निरीक्षण तथा अनुगमन गरी सोको प्रतिवेदन हरेक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र विभागमा पेश गर्ने ।

(५३) प्रारम्भिक सहकारी संस्थाहरु आफ्नो विषयगत संघ/महासंघमा सदस्यता लिई आवद्ध हुनुपर्ने ।

(५४) कसैले दर्ता नगरी वा खारेज भएको सहकारी संस्था संचालन गरेको वा कुनै व्यक्ति वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा सहकारी ऐन, २०७४ को दफा १२२ को सहकारी जन्य कसुर गरेको आधारमा सोही ऐनको दफा १२९ बमोजिम आवश्यक कारवाहीका लागि सम्वन्धित निकायमा पठाइनेछ ।

(५५) प्रारम्भिक सहकारी संस्थाहरुले सहकारी ऐन, २०७४ को दफा ९ र सहकारी नियमावली, २०७५ को नियम ४ बमोजिम स्वरोजगारी तथा मूल्यश्रृङ्खलामा योगदान पुऱ्याउने, वस्तुको सञ्चय, प्रशोधन,

रजिष्ट्रार

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६६८

बजारीकरण र निर्यातमूलक कार्यका लागि दर्ता हुने विशिष्टीकृत सहकारी संघमा साधारणसभाबाट निर्णय गरेर मात्र लगानी गर्नुपर्ने ।

(५६) नियामक निकायको स्वीकृति लिई सहकारी संघ/संस्थाहरुले वित्तीय भुक्तानी सेवाहरु प्रदान गर्ने सन्दर्भमा निजी क्षेत्रका सेवा प्रदायकहरुसंग सम्झौता गरी सहकार्य गर्न सक्ने । यसरी गरेको सम्झौताको एक प्रति सम्झौता भएको एक (१) महिनाभित्र नियामक निकायसमक्ष पेश गर्नु पर्ने ।

(५७) बचत तथा ऋणको कारोबार गर्ने विषयगत संस्थाहरु मिली सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ को नियम २७ को उपनियम १ को खण्ड (छ) को व्यवस्था कार्यान्वयनका लागि स्थिरीकरण कोष खडा गरी रकम छुट्याउन सक्नेछन् । यस्तो कोषको रकम मन्त्रालयबाट स्वीकृत कार्यविधि तथा सहकारी ऐन, २०७४ को दफा १०३ को उपदफा (७) को प्रयोजनका लागि उपयोग गर्न सक्नेछन् ।

(५८) सबै सहकारी संघ/संस्थाहरुले कोभिड लगायतका अन्य महामारी तथा विपद्को अवस्थामा नेपाल सरकार वा स्थानीय प्रशासनबाट जारी हुने मापदण्डकों अधिनमा रही आफ्ना नियमित गतिविधिहरु संचालन गर्ने, गराउने ।

(५९) सहकारी ऐन, २०७४ को दफा २५ र दफा ९९ को प्रभावकारी कार्यान्वयन गर्न केन्द्रीय विषयगत संघहरुले सदस्य संघसंस्थाहरुको उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार तथा जोखिम व्यवस्थापनका सम्बन्धमा गर्ने स्तरीकरणसम्बन्धी कार्यहरु विभागको पूर्व स्वीकृति लिएर मात्र कार्यान्वयन गर्न सक्ने

(ख) **प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट जारी "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१)" तथा सहकारी विभागबाट "सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी निर्देशन, २०७४" बमोजिम विशेष निर्देशन :**

(६०) सम्पुर्ण सहकारी छाता संघहरुले AML सम्बन्धी कानूनी व्यवस्था कार्यान्वयन र प्रणालीगत विकासका लागि अध्ययन, अनुसन्धान र असल अभ्यास विकास गराउने कार्यमा प्रभावकारी भूमिका खेल्न आवश्यक समिति गठन गरी क्रियाशील रहने । यसका लागि राष्ट्रिय सहकारी महासंघले समन्वय गर्नका साथै सबै केन्द्रीय संघहरुले आफू अन्तर्गतका संघसंस्थाहरु सँग समन्वय गर्ने ।

(६१) अनुसूचीमा तोकिए बमोजिमको ढाँचामा सम्पूर्ण सदस्यहरुको सदस्य पहिचान (KYM फारम) सम्पुष्टिका कागजात सहित अद्यावधिक गर्ने कार्य पूर्ण रुपमा सम्पन्न गर्ने ।

रजिष्ट्रार

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयां वानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६६८

(६२) उच्च पदस्थ व्यक्तिको पहिचान सहितको अभिलेख राख्ने र जोखिम व्यवस्थापन गर्ने कार्य सम्पन्न गर्ने ।

(६३) बेनामी वा काल्पनिक नाममा कारोवार गर्न नपाउने गरी वास्तविक धनी तथा हिताधिकारीको पहिचान उपाय अवलम्वन गर्ने कार्य गर्ने ।

(६४) सदस्य पहिचान (KYM) सम्पुष्टि गर्न आवश्यक कागजात, विवरण तथा जानकारी उपलब्ध नगराउने वा गराएपनि पहिचान र सम्पुष्टिका आधार पुरा हुन नसक्ने व्यक्तिलाई सदस्य बनाएर कारोबार नगर्ने ।

(६५) उच्च जोखिममा रहन सक्ने सदस्यहरुको **बृहत् पद्धतिबाट पहिचान** गर्ने ।

(६६) उच्च, मध्यम र न्यून जोखिम स्तर निर्धारण गर्ने गराउने । संस्थाले नियमित क्षेत्रगत तथा संस्थागत जोखिम मूल्याङ्कन गरी जोखिम अद्यावधिक प्रतिवेदन जोखिम सापेक्ष भए नभएको एकिन गरी अनिवार्य रुपमा तयार गर्ने ।

(६७) मुद्रा मूल्य स्थानान्तरण, मुद्रा मूल्य व्यवसाय, घर जग्गा व्यवसाय, बहुमूल्य धातु वा वस्तु व्यवसाय क्यासिनो व्यवसाय, मेनपावर व्यवसाय जस्ता संवेदनशील पेशा व्यवसायमा संलग्न सदस्यहरुको विशेष नियमन, सुपरिवेक्षणको व्यवस्था सहित यस्तो कारोबार गर्ने सदस्यलाई उच्च जोखिममा जोखिम व्यवस्थापन गर्ने ।

(६८) सीमा कारोवारमा सदस्यसंग स्रोत खुलासा लिने कार्य अवलम्वन गर्ने ।

(६९) सदस्यको उच्च आर्थिक कारोवार र असामान्य कारोवारको बस्तुगत अवस्था र आधारमा सुक्ष्म अध्ययन, विश्लेषण तथा अभिलेखिकरण व्यवस्थित गर्ने कार्यको थालनी गर्ने ।

(७०) संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनको परिपालना, कार्यान्वयन, सुधारको आवश्यकता, प्रणालीगत विकास, जोखिमको मूल्याङ्कन र स्तराङ्कन, सदस्य पहिचान, वास्तविक धनी पहिचान र सदस्यहरुको कारोबार सम्बन्धमा निरन्तर अनुगमन गर्ने र सो सम्बन्धमा संचालक समितिको बैठकमा कम्तीमा ६ महिनाको एक पटक ऐन, नियमावली र निर्देशन बमोजिम भए गरेका काम कारवाहीको समीक्षा गर्ने ।

(७१) रु. १० करोड भन्दा बढिको निक्षेप वा पूँजी भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुले नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाई (FIU) मा पठाउने प्रतिवेदनहरु (सीमा कारोवारको प्रतिवेदन (TTR) र शंकास्पद कारोवाको प्रतिवेदन (STR) नेपाल राष्ट्र बैंकले प्रयोगमा ल्याएको goAML

रजिष्ट्रार

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- 6EC

सफ्टवेयर प्रणाली मार्फत अनिवार्य रुपमा पठाउने व्यवस्था मिलाउने र सोको जानकारी विभागमा समेत पठाउने ।

(७२) सीमा कारोवार प्रतिवेदन (TTR), कारोवार सम्पन्न भएको मितिले १५ दिन भित्र अनुसूची-४ को ढाँचामा नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी ईकाई (FIU) मा नियमित पठाउने ।

(७३) सदस्यको आर्थिक कारोवार, सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ७ङ र ७ध अनुसार कानूनी उद्देश्य स्पष्ट नदेखिने, जटिल, अस्वभाविक, असामान्य र उच्च आर्थिक कारोवार भएको अवस्थामा सदस्यको पहिचान विवरण (KYM) समेतको अध्ययन विश्लेषण गरी सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्वन्धी कसुर वा अन्य कसुरसँग सम्वन्धित हुन सक्ने शंका लागेमा वा त्यस्तो गतिविधिमा संलग्न भएको, जोडिएको वा प्रयोग हुन सक्ने शंका लागेमा वा लाग्नसक्ने मनासिव आधार भएको कारोवार वा व्यक्तिको आवश्यकता अनुसार शंकास्पद कारोवार सम्वन्धी प्रतिवेदन (STR), अनुसूचि-५ को ढाँचामा तयार गरी कारोवार भएको ३ दिन भित्र वित्तिय जानकारी एकाईमा पठाउने ।

(७४) संस्थाले सीमा वा शंकास्पद कारोवारको पठाइएको प्रतिवेदनको गोपनियता कायम राख्ने तथा सम्पत्ति शुद्धीकरण निवारण सँग सम्बन्धित अन्य प्रतिवेदन, विवरण, कागजात तथा अभिलेख आदि आवश्यक परेको वेला तत्काल फेला पार्न सकिने गरी तोकिएको अवधिसम्म सुरक्षित र व्यवस्थित गरीं राख्ने ।

(७५) सम्पत्ति शुद्धीकरण निवारण ऐन, नियमावली र विभागबाट जारी निर्देशन बमोजिमका कार्य प्रभावकारी सम्पादन गर्न संस्थाले आन्तरिक नीति तथा कार्यविधि तर्जुमा गरी संस्थाको साधारण सभाबाट पारित गरी लागू गरेको हुनु पर्ने । यसरी लागू गरिएको आन्तरिक नीति, कार्यविधिलाई कार्यसम्पादनमा देखिएको आवश्यकता, कार्यानुभव, जोखिमक्षेत्र विष्लेषण आदिका आधारमा अद्यावधिक, परिमार्जन तथा संशोधन गर्दै लागू गर्ने ।

(७६) नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाईबाट जारी सम्पत्ति शुद्धीकरण निवारण सम्वद्ध निर्देशन तथा मार्गदर्शनको पूर्ण पालना गर्ने गराउने ।

(७७) सहकारी संस्थाको साधारण सभाको वैठकमा सम्पत्ति शुद्धीकरण निवारणसम्वन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, बमोजिमका कार्यहरुको कार्यान्वयन अवस्थालाई संचालक समितिको तर्फबाट अध्यक्षले पेश गर्ने प्रतिवेदनमा खुलाई पेश गर्ने व्यवस्था गर्ने ।

(७८) सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी उल्लेखित कानूनी दायित्व पूरा गरी कार्यान्वयन गर्न व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी (Compliance Officer) नियुक्ति गर्ने तथा निजको

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ६६८

भूमिकालाई प्रभावकारी बनाउने, कार्यान्वयन अधिकारीको नाम, ठेगाना, ईमेल र मोवाइल, नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी ईकाईमा (FIU) र सहकारी विभागमा पठाउने । साथै कार्यान्वयन अधिकारी परिवर्तन भए वा निजको विवरण हेरफेर भए सोको समेत जानकारी संस्थाले यथाशीघ्र पठाउने ।

(७९) सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण कानून पालना सम्बन्धी अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७५ को दफा २१ बमोजिम रकम स्थानान्तरण (मनीट्रान्सफर) मा अन्तरनिहित जोखिमलाई दृष्टिगत गरी जोखिम व्यवस्थापन लाई संस्थाको आन्तरिक नीति कार्यविधीले सम्वोधन गरेको हुनुपर्ने र संस्था र सम्बद्ध बैंक, वित्तीय संस्था विच संझौता गरिएको हुनुपर्ने र सो अनुरुप कार्य सम्पादन गर्ने गराउने ।

(८०) संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरि साधारण सभामा पेश गर्दा सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धि सम्पादन गर्नुपर्ने कार्यहरु जोखिमका आधारमा सम्पादन हुने गरी वार्षिक नीति, योजना, बजेट तथा कार्यक्रम तय गरि साधारण सभाबाट स्वीकृत गराई प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।

(८१) संस्थाले सम्पत्ति शुद्धीकरण निवारणको क्षेत्रसँग सम्बन्धित विषयमा संस्थाका पदाधिकारी, कर्मचारी र सदस्यहरुले संस्थामा काम कार्तव्यको पालना गर्दा वा कारोबार गर्दा पालना गर्नुपर्ने सदाचार नीति तर्जुमा गरि लागू गर्ने ।

(८२) संस्थाले प्रत्येक आर्थिक वर्षको वित्तीय कारोबारको ईजाजत पत्र प्राप्त स्वतन्त्र लेखापरीक्षकबाट लेखापरीक्षण गराउँदा सम्पत्ति शुद्धीकरण तथा सो सँग सम्बद्ध अन्य जोखिमको समेत लेखा परीक्षण गरे गराएको हुनुपर्ने र सो अनुसार भएको लेखा परीक्षणको प्रतिलिपि विभागमा पेश गर्नु पर्ने ।

(८३) संस्थामा सहकारी ऐन बमोजिम संचालक समिति र लेखा सुपरिवेक्षण समितिको साधारणसभाबाट निर्वाचन गर्दा वा उच्च व्यवस्थापन तहमा नियुक्ति गर्दा सम्पत्ति शुद्धीकरण अपराध तथा अन्य अपराधिक गतिविधि वा सो सँग सम्बद्ध भएका व्यक्ति वा समूहको स्वमित्व, प्रतिनिधित्व वा नियन्त्रणमा संस्था नपर्ने गरी उपयुक्त मापदण्ड निर्धारण गरि निर्वाचन सम्पन्न गर्ने ।

(८४) सहकारी संस्थाले संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन कार्यक्रम र सोसँग सम्बद्ध कागजातलाई अभिलेखको रुपमा सुरक्षित राखेको हुनुपर्ने ।

(८५) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न लेखा सुपरिवेक्षण समिति सक्रिय रहनु पर्ने । समितिले संस्थाको आन्तरिक लेखा परिक्षण गर्ने गराउने, आर्थिक कारोबारको नियमित निरीक्षण तथा

रजिष्ट्रार

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# सहकारी विभाग

नयां वानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- 685

मूल्याङ्कन गर्ने, संचालक समितिको कामकारवाहीको सुपरिवेक्षण गर्ने, समितिलाई सुझावको रुपमा चौमासिक प्रतिवेदन पेश गर्ने, वार्षिक प्रतिवेदन साधारण सभामा पेश गर्ने, साधारण सभाको निर्देशन, निर्णय र संचालक समितिको निर्णयहरु कार्यान्वयन गराउन जोड दिने जस्ता कार्यमा लेखा सुपरिवेक्षण समितिले सक्रिय रुपमा भूमिका निर्वाह गर्ने ।

(८६) विना सुरक्षण/धितो ऋण लगानी नगर्ने, कृत्रिम व्यावसाय खडा गरि वा गराई हुनसक्ने ऋण प्रवाहलाई रोक्ने, जुन प्रयोजनको लागि ऋण सुविधा लिइएको हो सोही प्रयोजनमा पेश भएको कार्ययोजना मुताविक सहि प्रयोग भए नभएको सुपरिवेक्षण गर्ने, चुक्ता ऋणलाई चुक्ता जनाई अभिलेखिकरण गर्ने र नियमानुसार जमानत वा धितो/सुरक्षण राखी धितोको नियमानुसार मूल्याङ्कन गरी मात्र ऋण लगानी गर्ने ।

(८७) सहकारी संघसंस्थाको संचालक समितिले आफ्नो AML प्रणालीले प्रभावकारी रुपमा काम गरे नगरेको, जोखिमको उचित तवरले व्यवस्थापन गरे नगरेको, अस्वभाविक गतिविधिको पर्याप्त अनुगमन हुने व्यवस्था गरे नगरेको र आवश्यक प्रतिवेदनहरु सम्बन्धित निकायमा पेस हुने गरे नगरेको निश्चित गर्ने ।

(८८) संस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समिति अन्य समिति, सदस्य र कर्मचारीलाई सहकारी तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी शिक्षा तालिमको व्यवस्था गर्ने ।

(ग) <u>खारेजी र बचाउ</u> :

(अ) सम्पत्ति शुद्धीकरणसम्वन्धी विभागबाट जारी निर्देशनहरु बाहेकका सहकारी संघसंस्थाहरुलाई यस अधि जारी निर्देशनात्मक परिपत्रहरु खारेज गरिएको छ ।

(आ) यस अधि जारी निर्देशनात्मक परिपत्रहरु बमोजिम भए गरेका कार्यहरु यसै बमोजिम भए गरेको मानिने छ ।

(फलक सिंह अधिकारी)
रजिष्ट्रार

रजिष्ट्रार